प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०८०/०८१ मा डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहमा प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम २०८० को नतिजा प्रकाशन एवं भर्नाका लागि सिफारिश भएका शिक्षालयमा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सुचना प्रकाशित मिति २०८०।०५।३०)

नेपाल सरकारको आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम देशभरीका दलित, मुस्लिम, बिपन्न, हलिया, कमैया, अपाङ्गता भएका, द्वन्द्व पिडित/सहिद/जनआन्दोलन घाइते परिवारलाई समावेश गरी (नेपाल सरकारबाट सुचिकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा समूहहरु (बनकरिया, बराम, बोटे, चेपाङ्ग, दनुवार, धानुक, हायु, झागड, किसान, कुसुन्डा, लेप्चा, माझी, मेचे, कुसवाडिया, राजी, राउटे, सतार, सिंसा, सियार, सुरेल, थामी, थुनम) तथा प्राविधिक शिक्षाको पहुंच नपुगेका ८० स्थानीय तहमा स्थायी बसोबास गर्ने छात्रछात्राहरुबाट निर्धारित कोटामा डिप्लोमा/प्रमाणपत्र र प्रि-डिप्लोमा तहका विभिन्न शैक्षिक कार्यक्रमहरुको उल्लेखित प्राविधिक शिक्षा प्रदान गर्न मिति २०८०।०४।२३ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रित पुर्वकको आवेदन फाराम बुझाएका उम्मेदवारहरुको मिति २०८०।०५।१६ गते संचालन भएको प्रवेश परीक्षामा प्राप्त भएको प्राप्तांकलाई मिति २०८०।०५।२९ गतेको निर्णयानुसार उच्चतम अंकको आधारमा योग्यताक्रम निर्धारण गरी मुख्य, उत्तीर्ण सूची र अनुत्तीर्ण उम्मेद्वारहरुको संलग्न नतिजा सूची प्रकाशन गरिएको छ । छनौट भएका मुख्य उम्मेदवारहरुले मिति २०८०।०६।०९ गते र सो दिन सार्वजनिक बिदा पर्न गएमा भोलिपल्ट सम्म भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्याद भित्र आवश्यक सक्कल कागजातहरु (**शैक्षिक प्रमाणपत्रहरु, प्रवेशपत्र, आफ्नो बर्ग खुल्ने प्रमाणपत्रको सक्कल प्रति र नतिजाको प्रतिलिपि**) लिई तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

छात्रवृत्तिमा भर्नाका लागि तोकिएका शिक्षालयहरुले यसै सूचनालाई आधारमानी प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षालयमा सिफारिश भएका विद्यार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु, कोटामा सम्वन्धित निकायको बर्ग खुलेको सिफारिश पत्र र प्रवेशपत्रको सक्कल प्रमाणपत्रहरु शिक्षालयको प्राचार्यले रुजु गरी सो को १ प्रति प्रतिलिपी शिक्षालयमा अभिलेख राखी डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०८० र प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति बितरण एवं भर्ना सम्वन्धी निर्देशिका, २०८० ले तोकेको शैक्षिक योग्यता पुगेका परीक्षार्थीहरुलाई मात्र तोकिएको म्याद भित्र कुनै पनि शुल्क नलिई निर्धारित कोटाभित्र भर्ना गर्नु/गराउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । सक्कल कागजात रुजु नगरी अध्ययन गर्ने शैक्षिक कार्यक्रमका लागि योग्यता नपुगेका परीक्षार्थीलाई भर्ना गराएमा त्यस्ता परीक्षार्थीहरुको परिषद् रजिष्ट्रेशन कायम नहुने भएकाले सो को जिम्मेवारी सम्वन्धित शिक्षालयको प्राचार्य हुने व्यहोरा समेत सूचित गरिन्छ ।

उल्लेखित म्यादभित्र मुख्य परीक्षार्थी भर्ना हुन नआई कुनै शैक्षिक कार्यक्रममा कोटा रिक्त रहन आएमा सम्वन्धित शिक्षालयले गोरखापत्र राष्ट्रिय दैनिकमा ५ दिनको सूचना प्रकाशित गरी उत्तीर्ण/प्रतिक्षा सूचीमा रहेका परीक्षार्थीहरुबाट निवेदन माग गरी प्राप्त निवेदनहरु शिक्षालयको मुल दर्ता कितावमा दर्ता गरी दर्ता भएका निवेदनहरु मध्येबाट जुन शैक्षिक कार्यक्रमको लक्षित बर्ग, समूहको निर्धारित कोटा खाली रहन गएको छ सो प्रदेशको खाली रहन गएको कोटाको सोही कार्यक्रमबाट योग्यताक्रमानुसार छनौट गर्ने । सो बाट पुर्ति हुन नसक्ने अवस्था भएमा सोही प्रदेशको अन्य कार्यक्रमहरुबाट योग्यताक्रमानुसार छनौट गर्ने । सो पश्चात समेत कोटा रिक्त हुन गएमा अन्य प्रदेशको उत्तीर्ण सूचीबाट रिक्त रहन गएको कोटामा प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण मध्येबाट इच्छाए बमोजिमको कार्यक्रममा निवेदन लिई सम्वन्धित कार्यक्रमको योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ । नतिजा सम्वन्धी विस्तृत विवरण www.ctevtexam.org.np वा www.ctevt.org.np मा प्रकाशन गरिएको छ ।

**(क) प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम प्रि-डिप्लोमा र डिप्लोमा तह**

| क्र.सं | कार्यक्रम | अध्ययनका लागि तोकिएको शिक्षालयको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ्ग | पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रे | |
| २. | प्रि-डिप्लोमा इन फरेष्ट्री | कालीगण्डकी बहूप्राविधिक शिक्षालय, तनहूं | * |
| ३. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) | तनहुं प्राविधिक शिक्षालय, भिमाद, तनहूं | |
| ४. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा | |
| ५. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | वि.पी. स्मृति बहुप्राविधिक शिक्षालय, धनुषा | |
| ६. | डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | श्रीराम मिथिला वहुप्राविधिक शिक्षालय, भोजपुर | |
| ७. | डिप्लोमा इन होटल म्यानेजमेण्ट | नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, काभ्रे | |
| ८. | डिप्लोमा इन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | कोरिया नेपाल इन्स्टिच्युट अफ टेक्नोलोजी, रुपन्देही | |
| ९. | डिप्लोमा इन फरेष्ट्री | टिकापुर बहुप्राविधिक शिक्षालय, टिकापुर, कैलाली | |
| १०. | डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी | |

**(ख) प्राविधिक शिक्षाको पहुँच नपुगेका ८० वटा पालिकामा स्थायी वसोवास गर्ने छात्रछात्राहरु मध्ये**

| क्र.सं | कार्यक्रम | अध्ययनका लागि तोकिएको शिक्षालयको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) | जय किसान बहूप्राविधिक शिक्षालय, रौतहट | * |
| २. | प्रि-डिप्लोमा इन लाइभस्टक प्रोडक्सन/एनिमल हेल्थ | एग्रो फरेष्टि बहूप्राविधिक शिक्षालय, अर्घाखांची | * |
| ३. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | रत्नकुमार बान्तवा बहूप्राविधिक शिक्षालय, इलाम | |
| ४. | डिप्लोमा इन होटल म्यानेजमेण्ट | भरतपुर बहुप्राविधिक शिक्षालय, जगतपुर, चितवन | |
| ५. | डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | शहीद नेत्रलाल बहुप्राविधिक शिक्षालय, सल्यान | |

**नोट:**

१. *प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम र प्राविधिक शिक्षाको पहुँच नपुगेका ८० पालिका अन्तर्गत प्रि-डिप्लोमा तहका कालीगण्डकी बहुप्राविधिक शिक्षालय, तनहुं, जय किसान बहूप्राविधिक शिक्षालय, रौतहट र एग्रो फरेष्ट्रि बहूप्राविधिक शिक्षालय, अर्घाखांचीमा न्युन आवेदन परेका कारण उक्त शिक्षालयहरुका कार्यक्रमहरु स्थगन गरिएको छ ।

२. स्थगन भएका कार्यक्रमहरुमा आवेदन दिई उत्तीर्ण परीक्षार्थीहरुले पनौती प्राविधिक शिक्षालय, पनौती काभ्रे र तनहुं प्राविधिक शिक्षालय, भिमाद, तनहुंमा क्रमशः अटोमोवाइल र एग्रिकल्चर प्लान्ट साइन्स कार्यक्रममा अध्ययन गर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्रमा सम्बन्धित शिक्षालयमा निवेदन दिई भर्ना हुन सक्नेछन् ।

३. सिफारिश भई भर्ना हुन नआएको खण्डमा सम्वन्धित शिक्षालयले ५ दिनको म्याद दिई उल्लेखित भर्ना प्रक्रिया गर्नुपर्नेछ ।

४. यो सूचना र नतिजा सम्वन्धी विवरण www.ctevtexam.org.np वा www.ctevt.org.np मा हेर्न सकिनेछ ।

**परीक्षा नियन्त्रक**